"कृषि,उद्योग,उर्जा,पर्यटन,व्यापार र पुर्वाधार समृद्ध फिदिमका ६ आधार"

# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

५२०१०७
५२११०७ प्रमुख
५२११०८ उपप्रमुख

फिदिम,पाँचथर
१ नं. प्रदेश, नेपाल

बिषयः फलफूल बिरुवा माग सम्बन्धमा।

**प्रथम पटक सूचना मिति २०७७/०८/२४**

श्री फिदिम नगरपालिका
सबै वडा कार्यालयहरु।

उपयुक्त बिषयमा फिदिम नगरपालिका कृषि विकास शाखाको आ व २०७७/०७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार सःसर्त तर्फको फलफूल दशक अन्तर्गत निजी तथा सार्वजनिक जमिनमा फलफूल रोपण कार्यक्रम (५०% अनुदानमा) रहेको हुँदा तहाँ वडाका ईच्छुक व्यवसायिक कृषक/ कृषक समूह/सहकारी/स्थानिय युवा क्लव/निजी फर्म/प्रधानमन्त्री स्वोरोजगार कार्यक्रममा सूचिकृत युवाहरु/विदेशबाट फर्केका युवाहरु/कम्पनी तथा अन्य संघसंस्थाहरु बाट तपसिलको विवरणको आधारमा मिति २०७७ साल पुस १५ गते भित्र कृषि विकास शाखालाई उपलब्ध गराईदिनु हुन अनुरोध छ।

तपसिलको विवरण

| क्र सं | बिरुवा माग गर्नेको नाम | स्थायी ठेगाना | पेशा / संस्था | उपलब्ध जमिनको क्षेत्रफल, जमिनको प्रकार निजी/ सार्वजनिक / करार आदि | माग गरिएको विरुवाको नाम र संख्या | फो. नं |
|---|---|---|---|---|---|---|
| | | | | | | |

प्रमुख प्रशासकिय अधिकृत
क.सं.नं.-११२६६२

सार्वजनिक जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम

- स्थानिय तहले फलफूल बिरुवा रोपण गर्न सकिने संम्भाब्य सार्वजनिक जग्गाहरुको पहिचान गरी अभिलेखीकरण गरिनेछ। पहिचान गरिएका उक्त क्षेत्रहरुमा फलफूल खेती गर्नका लागि ३ देखि ५ बर्षे योजना बनाई लागु गरिनेछ।
- पहिचान भएका सार्वजनिक जग्गाहरुलाई फलफूल खेति गर्न सकिने संम्भाव्यताको आधारमा निम्न ३ किसिमको बर्गिकरण गरिनेछ।

क) १-२ लाईनमा मात्र विरुवा रोप्न सकिने रोड कोरिडोर, नदि किनार आदि क्षेत्र

ख) व्याक्तिगत जग्गा सडक वा अन्य सरकारी प्रयोजनको लागि उपलब्ध गराएको हकमा सो जग्गाहरु (जस्तैः मध्य रोड कोरिडोर क्षेत्र) मा लगाईने फलफूल खेती

ग) खेती गर्न उपयुक्त रहेको सार्वजनिक जग्गाहरु (जस्तै विद्यालय, कलेजका खाली जग्गाहरु, नदी किनाराका फराकिलो खाली जग्गाहरु आदि)

सार्वजनिक जग्गाहरुमा स्थानीय माग, संम्भावना तथा तुलनात्मक लाभका आधारमा उक्त क्षेत्रमा सिफारीस गरिएका फलफूल बाली मध्ये स्थानिय तहले निर्धारण गरेका फलफूल वाली लगाउन सकिनेछ।

निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम

- निजी जग्गामा फलफूल विरुवा रोपण गर्दा आवेदकको कार्ययोजनाको आधारमा लागत ईष्टिमेट बमोजिम अनुदान उपलब्ध गराईनेछ।
- निजी जग्गामा व्यवसायिक फलफूल खेती विस्तारको लागि पहाडमा कम्तीमा २ रोपनी क्षेत्रफलमा बगैचा स्थापना गर्नुपर्नेछ।
- करेसा बगैचा स्थापनाको लागि माग भए बमोजिमको कार्यक्रम समेत संञ्चालन गर्न सकिनेछ।

याम बहादुर संग्रौला
अधिकृत छैटौं (प्रा.)

प्रथम बर्ष गरिने कार्यक्रमको विस्तृतिकरण तथा सहजीकरण

| क सं | क्रियाकलापको विवरण | सहजीकरण सेवा तथा सुविधा | कार्यक्रम कार्यान्वयन |
|---|---|---|---|
| १ | जग्गाको सरसफाई, बगैचा रेखांकन गर्ने, विरुवा रोप्न खाडल खन्ने, मल मिसाउने तथा पुर्ने, टेका तथा छापो राख्ने ज्यामी | स्थानिय तहको निर्णय अनुसार लागत ईष्टिमेटको निश्चित रकम अनुदान निर्धारण हुने | सार्वजनिक तथा निजी जग्गा |
| २ | फलफूल विरुवा खरिद तथा वितरण | सरकारी दररेट, प्रचलित बजार मूल्य तथा स्थानिय दररेटको आधारमा तयार भएको लागत अनुमानको आधारमा स्थानिय तहको निर्णयअनुसार अनुदान निर्धारण हुने | सार्वजनिक तथा निजी जग्गा |

याम बहादुर संग्रौला
अधिकृत छैटौं (प्रा.)